Norway

SUOMI FINLAND

U N D P

Renewable Energy for
Resilient Agri-Food Systems
कृषि खाद्य प्रणालीको लागि नवीकरणीय ऊर्जा

RERAS

# वातावरणमैत्री स्थानीय शासन

# वातावरणमैत्री स्थानीय शासन अवलम्बन र घोषणा



# सत्रको रुपरेखा

- अवलम्बन
- वातावरणमैत्री घोषणा
    - घरपरिवार तह,
    - टोल तह,
    - वडा तह,
    - पालिका तह,
    - जिल्ला तह
    - **उत्प्रेरणाको तरिका**



# अवलम्बन


- **लगानीको लागि स्रोतको सुनिश्चितता**
  - नीतिगत प्रतिबद्धता
  - कार्य योजना
  - आबधिक, बार्षिक, बिषयगत योजना
  - आफ्नै स्रोत, सेवा शुल्कको व्यवस्था, संघीय/प्रादेशिक अनुदान, सम्बन्धित कार्यक्रम, निजि क्षेत्र, समुदाय तथा सार्बजनिक निजि साझेदारी

- **जनशक्तिको आवस्यकता/उपलब्धता**
  - वातावरण/फोहरमैला व्यवस्थापन/विपद व्यवस्थापन हेर्ने शाखा/महाशाखा/इकाई

- **अभिलेख/प्रतिबेदन**
  - सूचकहरुको विद्धमान अवस्था, Intervention को आवस्यकता, घोषणा गरिएका घर परिवार, टोल/समुदाय तथा वडाहरुको अभिलेख
  - आफ्नो वेबसाइटमा प्रकाशन

# वातावरणमैत्री घोषणा



# घरपरिवार तह

- नगरपालिका क्षेत्रमा टोल विकास सस्थाले घरपरिवार तहको सूचक पुरा गरे नगरेको मापन गरि सिफारिस साथ वडामा प्रतिबेदन,

- वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले पालिकाको सहमतिमा निर्णय गरि वातावरणमैत्री घरपरिवारको रुपमा घोषणा,

- गाउँपालिका क्षेत्रमा टोल विकास सस्था गठन भएको भए टोल विकास सस्थाले मापन गरि सिफारिश गरे बमोजिम हुने, यदी टोल विकास सस्था गठन भएको छैन भने वडा समन्वय समितिले तोकेको वडा सदस्यको संयोजकत्वमा सरोकारवालाहरु रहेको टोलिले मापन गरि गरेको सिफारिश र पालिकाको सहमतिको आधारमा वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले निर्णय गरि वातावरणमैत्री घरपरिवारको रुपमा घोषणा गर्ने,

# टोल विकास/समुदाय तह

- वडा समन्वय समितिले तोकेको वडा
- सदस्यको संयोजकत्वमा सरोकारवालाहरु
- रहेको टोलिले मापन गरि गरेको
- सिफारिस र पालिकाको सहमतिको
- आधारमा वातावरणमैत्री स्थानीय
- शासन वडा समन्वय समितिले निर्णय
- गरि वातावरणमैत्री टोलको  रुपमा
- घोषणा गर्ने



# वडा तह

- नगर/गाउँ समन्वय समितिले तोकेको सदस्यको संयोजकत्वमा पालिकाको प्राविधिक, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुख वा प्रतिनिधि, स्वास्थ्य कार्यालयका प्रमुख वा प्रतिनिधि, विद्यालयको प्रधानाध्यापक मध्येबाट एक जना र नगरस्तरमा क्रियाशील गैर सरकारी संस्थाका प्रतिनिधि समेतको टोलीमार्फत मापन गरि सो टोलीको प्रतिबेदन,

- वडा समन्वय समितिको सिफारिश र मापन टोलीको प्रतिबेदनको आधारमा पालिकाले वातावरणमैत्री वडा घोषणा गर्ने,

# पालिका तह

- पालिका तथा जिल्ला  समन्वय समितिको सिफारिश र मापन टोलीको प्रतिबेदनको आधारमा जिल्ला सभाले  वातावरणमैत्री पालिका घोषणा गर्ने,
- **मापन टोलीमा;**
  - जिल्ला समन्वय समितिको प्रमुखको संयोजक
  - प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधि,
  - जिल्ला समन्वय अधिकारी,
  - जिल्ला स्थित खानेपानी, शिक्षा, स्वास्थ्य, वनकार्यालयको प्रमुख
  - जिल्ला भित्र क्रियाशील गैर सरकारी संस्थाहरुको समेत प्रतिनिधित्व रहने,

# जिल्ला तह

- जिल्लाका सबै गाउँपालिका तथा नगरपालिकाहरू वातावरणमैत्री घोषणा भइसकेको,
- जिल्लाका सबै सूचक पुरा भएको,
- जिल्ला सभाले निर्णय गरी वातावरणमैत्री जिल्ला घोषणाका लागि वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समितिसमक्ष अनुरोध गरेको,
- अनुगमन प्रतिवेदनको आधारमा राष्ट्रिय समन्वय समितिले निर्णय गरी विशेष कार्यक्रमसाथ जिल्लालाई वातावरणमैत्री जिल्लाको रूपमा घोषणा

# उत्प्रेरणाका विधिहरु

# घरपरिवार तह

- निर्धारित सूचकहरू पुरा गरेको घर-परिवारलाई “वातावरणमैत्री घर परिवार” को घोषणा गरी लोगो तथा कदरपत्र प्रदान गर्ने र त्यस्तो लोगो सडकबाटै देखिने गरी सम्मान पाउने घरपरिवारको प्रवेशद्वारमा टाँस्ने व्यवस्था गर्नु पर्ने,
- वातावरणमैत्री घर-परिवारको सम्मान प्राप्त गर्नेलाई गाउँ/नगर सभाले निर्णय गरी स्थानीय तहको कानून बमोजिम लगाउने सेवा शुल्क तथा दस्तुरमा आंशिक वा पूर्ण छुटको व्यवस्था गर्न सक्ने,

# टोल विकास/समुदाय तह

- टोल/समुदायले निर्धारित सूचकहरू पूरा गरी वातावरणमैत्री टोल घोषणा भएको अवस्थामा नगरपालिकाले त्यस्तो टोल/समुदायलाई वातावरणमैत्री सम्मान स्वरूप लोगो तथा कदरपत्र प्रदान गर्ने र त्यस्तो लोगो र कदरपत्र समावेश भएको होर्डिङ्गबोर्ड राख्न अनुमति प्रदान गर्न सक्ने,

- वातावरणमैत्री टोल/समुदाय घोषित भएका टोलबासी/समुदायको सिफारिसमा उक्त टोल समुदायका सदस्यलाई पालिकाले सञ्चालन गर्ने क्षमता विकासका क्रियाकलापहरू (तालिम, गोष्ठी, अवलोकन भ्रमण आदि) मा प्राथमिकताका साथ अवसर प्रदान गर्ने,



# वडा तह

- निर्धारित सूचकहरू पूरा गरी वातावरणमैत्री घोषणा हुने वडालाई वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समितिको निर्णय अनुरुप कदरपत्र तथा लोगो प्रदान गर्ने,

- वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिलाई गाउँपालिका/नगरपालिकाबाट प्रोत्साहन पुरस्कार प्रदान गर्न सकिने,

- यस कार्यमा सक्रियताकासाथ सहयोग गर्ने व्यक्ति–विशेषलाई नगद पुरस्कारको पनि व्यवस्था गर्न सकिने,

- वातावरणमैत्री घोषणा भएको वडालाई परिस्कृत सूचक हासिल गर्न गाउँपालिका/नगरपालिकाबाट थप अनुदान प्रदान गर्न सकिने,

# पालिका तह

- वातावरणमैत्री स्थानीय शासनका आधारभूत सूचकहरू पूरा गर्ने गाउँपालिका/ नगरपालिकालाई वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिद्वारा “वातावरणमैत्री गाउँपालिका/ नगरपालिका” को रूपमा कदरपत्र सहित लोगोद्वारा सम्मानित गर्नु पर्ने,

- वातावरणमैत्री घोषणा भएका गाउँपालिका/नगरपालिकालाई नेपाल सरकारले प्रोत्साहन गर्न सक्ने,

# जिल्ला तह


- जिल्ला भित्रका सबै गाउँपालिका तथा नगरपालिकाहरुले निर्धारित सूचकहरू पूरा गरेकाजिल्लालाई नेपाल सरकारबाट “वातावरणमैत्री जिल्ला” को रूपमा कदरपत्र तथा लोगोबाट सम्मानित गरिने,

- वातावरणमैत्री घोषणा भएका जिल्लालाई नेपाल सरकारले पुरस्कार वा प्रोत्साहन प्रदान गर्न सक्ने,

# तारा प्रदान गर्ने प्रक्रिया

- वातावरणमैत्री घोषणा भएका र परिस्कृत सूचकहरु पूरा भएका घर परिवार, टोल, वडा, गाउँपालिका, नगरपालिका तथा जिल्लालाई परिच्छेद ७.३ बमोजिम गरिने मापन तथा अनुगमनका आधारमा  परिच्छेद ६.२ मा उल्लेख भएबमोजिमको तारा प्रदान गर्ने कार्य सम्बन्धित तहको वातावरणमैत्री स्थानीय शासन समन्वय समितिले वार्षिक रुपमा गर्ने

# हामी सक्छौं



वातावरणमैत्री घर

वातावरणमैत्री टोल/वार्ड

वातावरणमैत्री गाउँ/नगरपालिका

वातावरणमैत्री जिल्ला

वातावरणमैत्री राष्ट्र

धन्यवाद